जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: १४३ पृष्ठ: ४ | २०८३ असोज ११ आइतबार (Sunday 27 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउँदै सिरहाका स्थानीय तह



सिरहा, १० असोज। सिरहाका १७ वटै स्थानीय तहअन्तर्गतका सामुदायिक विद्यालयमा डिजिटल स्मार्ट बोर्डको प्रयोग विस्तार हुन थालेको छ। प्रविधिको प्रयोगमार्फत शिक्षण सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यले विद्यालयमा स्मार्ट बोर्ड जडानलाई प्राथमिकता दिन थालिएको हो।

सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयतर्फ विद्यार्थीको आकर्षण बढ्दै गएपछि सरकारी विद्यालयको भौतिक तथा शैक्षिक अवस्था सुधारमा जोड दिइएको शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका प्रमुख शशिकुमार यादवले बताउनुभयो। उहाँका अनुसार सामुदायिक विद्यालयलाई जस्तापातामुक्त भवनसँगै प्रविधिमैत्री बनाउने प्रयास भइरहेको छ। लहान नगरपालिकाले नगरभित्रका ५९ वटै सामुदायिक विद्यालयमा स्मार्ट डिजिटल बोर्ड विस्तार गर्ने योजना अघि सारेको छ।

त्यसअन्तर्गत नमुना विद्यालयका भवन निर्माणसँगै स्मार्ट बोर्ड जडानको काम समेत अघि बढाइएको नगरपालिकाको शिक्षा शाखाका प्रमुख अमिरीप्रसाद यादवले जानकारी दिनुभयो। लहान नगरपालिका १० स्थित श्री जनता माध्यमिक विद्यालयमा दुई वटा स्मार्ट बोर्ड जडानको उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले चालु वर्ष विद्यालयको थप पूर्वाधार विकासमा समेत लगानी गरिने बताउनुभयो।

उहाँका अनुसार विद्यालयमा अध्ययनरत ३७ जना विद्यार्थीमध्ये शतप्रतिशत दलित तथा विपन्न समुदायका बालबालिका छन्। चालु आर्थिक वर्षमा ४० लाख रुपैयाँको लागतमा ढलानसहितको तीनकोठे भवन निर्माण गरी थप स्मार्ट बोर्ड जडान गर्ने तयारी रहेको उहाँले बताउनुभयो। विद्यालयका दाता माधव उपाध्यायले प्रविधिको विकाससँगै शिक्षण विधिमा पनि परिवर्तन आवश्यक रहेको

–बाँकी दुई पेजमा

हावाहुरीसहितको वर्षाले सिरहामा दुई बिघामा लगाएको उखु सोत्तर

सुरेश राय

सिरहा, १० असोज। दुई दिनदेखि लगातार परेको वर्षा र बिहीबार राति आएको हावाहुरीका कारण सिरहाको विष्णुपुर गाउँपालिका-१ का किसान गोपिन्द्र यादवको उखुबारीमा क्षति पुऱ्याएको छ। उनले करिब दुई बिघा जमिनमा लगाएको उखुबारीमा ठूलो क्षति पुगेको हो। यादवले जग्गा भाडामा लिएर करिब तीन बिघा क्षेत्रफलमा उखु खेती गरेका थिए। हावाहुरी र वर्षाका कारण उखुका बोटहरू लडेपछि उत्पादन घट्ने र लगानीसमेत नउठ्ने अवस्था आएको उनले बताएका छन्।

यादवका अनुसार उखु खेतीमा उनले ऋण तथा सापटी लिएर करिब ४ लाख रुपैयाँ लगानी गरेका थिए। उखु राम्रो उत्पादन भएको भए करिब १० लाख रुपैयाँ आम्दानी हुने अपेक्षा थियो। तर हावाहुरी र वर्षाले उखु ढलेपछि अब लगानीसमेत फिर्ता नहुने चिन्ता उनलाई छ। 'जसोतसो जग्गा भाडामा लिएर उखु लगाएको थिएँ। राति आएको हावाहुरी र वर्षाले सबै उखु ढालिदियो,' यादवले

–बाँकी तीन पेजमा

अभिभावकविहीन बनेका सप्तरीका दुई बालबालिकाको जिम्मा मधेशी एकता समाजले लियो

सौरभ यादव

राजविराज, १० असोज। श्रीमतीको उपचारका क्रममा लागेको ऋण तिर्न रसुवास्थित जलविद्युत् आयोजनामा मजदुरी गर्न गएका सप्तरीको राजविराज नगरपालिका- १६, बोरियाका ४५ वर्षीय बेचन सदा भोटेकोशीमा आएको बाढीपछि बेपत्ता भएका छन्। परिवारको गर्जो टार्न तथा क्यान्सरपीडित श्रीमतीको उपचारमा लागेको ऋण तिर्न उनी त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनामा डन्डी बाँध्ने (बार बाइन्डर) मजदुरका रूपमा काम गर्दै आएका थिए।



क्यान्सरबाट पीडित उनकी श्रीमती फुलियादेवी सदाको गत कात्तिकमा उपचारकै क्रममा निधन भएको थियो। आमाको निधन भएको एक वर्ष नपुग्दै बुबासमेत बेपत्ता भएपछि १६ वर्षीय छोरा सोभाशकुमार सदा र १० वर्षीया छोरी निभाकुमारी सदा अभिभावकविहीन बनेका छन्। बेचन सदा बेपत्ता

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्के सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

अधिकार प्रदेशमा, सेवा पनि प्रदेशमै

मधेस प्रदेशभित्र सञ्चालनमा रहेका एफएम रेडियो तथा टेलिभिजनका फाइल सूचना तथा प्रसारण विभागबाट आमसञ्चार प्राधिकरण, मधेस प्रदेशलाई हस्तान्तरण हुनु सामान्य प्रशासनिक प्रक्रियाजस्तो देखिन सक्छ। तर यसको अर्थ र प्रभाव भने त्यसभन्दा निकै ठूलो छ। प्रदेशमा अधिकार हस्तान्तरणको संवैधानिक मर्म कार्यान्वयन गर्ने दिशामा यो महत्वपूर्ण कदम हो। लामो समयदेखि केन्द्रमै थन्किएका फाइल प्रदेशमा आउनुले सञ्चार क्षेत्रका संस्थालाई सेवा लिन सहज बनाउने मात्र होइन, प्रदेश सरकारको प्रशासनिक अधिकार र राजस्व व्यवस्थापनलाई समेत बलियो बनाउने अवसर दिएको छ।

नेपालको संविधानले संघीय शासन प्रणालीलाई स्वीकार गर्दै राज्यका अधिकारलाई संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरेको छ। त्यसैअनुसार प्रदेशभित्र सञ्चालन हुने सञ्चार संस्थासम्बन्धी कतिपय अधिकार प्रदेश सरकारको क्षेत्राधिकारमा पर्छन्। मधेस प्रदेशले सञ्चारसम्बन्धी कानुन बनाएर रेडियो तथा टेलिभिजनको दर्ता र नवीकरण प्रदेशबाटै गर्ने व्यवस्था गरेको अवस्थामा पनि व्यवहारमा भने वर्षौंसम्म सम्बन्धित फाइल केन्द्रमै रहनु संघीयताको कार्यान्वयनमा देखिएको कमजोरी हो।

विगत सात वर्षदेखि फाइल प्रदेशमा ल्याउन नसकिएको भनिएको विषयले सरकारका निकायबीच समन्वयको अवस्था कस्तो छ भन्ने प्रश्न पनि उठाउँछ। संघीयता केवल संविधान र कानुनमा अधिकारको सूची बनाउने विषय होइन। अधिकारअनुसार कार्यालय, जनशक्ति, अभिलेख, प्रविधि र निर्णय प्रक्रियासमेत प्रदेशमा हस्तान्तरण हुनुपर्छ। अन्यथा प्रदेश सरकार अधिकारविहीन र नागरिक सेवा केन्द्रमा निर्भर रहने अवस्था अन्त्य हुँदैन। एफएम रेडियो तथा टेलिभिजन सञ्चालकका लागि फाइल हस्तान्तरणको प्रत्यक्ष लाभ प्रशासनिक सहजता हो। सामान्य नवीकरण वा अन्य कामका लागि काठमाडौं धाउनुपर्ने बाध्यता हट्नु सञ्चार संस्थाका लागि समय र खर्च दुवैको बचत हो। विशेषगरी प्रदेशबाहिरबाट सेवा लिनुपर्ने अवस्थाले साना सञ्चार संस्थालाई बढी भार पार्न सक्छ। जनकपुरबाटै सेवा उपलब्ध हुने भएपछि उनीहरूले आफ्नो नियमित सञ्चार गतिविधिमा बढी ध्यान दिन सक्ने वातावरण बन्न सक्छ।

तर फाइल प्रदेशमा ल्याउनु मात्र पर्याप्त छैन। अब आमसञ्चार प्राधिकरणले सेवाप्रवाहलाई छिटो, पारदर्शी र अनुमानयोग्य बनाउनुपर्छ। दर्ता र नवीकरणका लागि आवश्यक कागजात, शुल्क, समयसीमा र प्रक्रिया स्पष्ट रूपमा सार्वजनिक गर्नुपर्छ। सेवाग्राहीले कुन कामका लागि कहाँ जाने, कति शुल्क लाग्ने र कति समयभित्र काम सम्पन्न हुने भन्ने जानकारी सहजै पाउनुपर्छ। सकेसम्म अनलाइन आवेदन, डिजिटल अभिलेख र विद्युतीय भुक्तानीको व्यवस्था गर्न सके यस कदमको प्रभाव अझ व्यापक हुनेछ। अर्कोतर्फ, प्रदेशमै अधिकार आएपछि नियमनको जिम्मेवारी पनि बढेको छ। सञ्चार संस्थालाई सेवा दिनु र नियमन गर्नु एउटै प्रक्रियाका दुई पक्ष हुन्। दर्ता तथा नवीकरणलाई राजस्व संकलनको माध्यम मात्र बनाइनु हुँदैन। सञ्चार क्षेत्रको व्यावसायिकता, कानुनी पालना, प्रसारणको गुणस्तर र सार्वजनिक उत्तरदायित्वलाई समेत ध्यान दिनुपर्छ। सञ्चार संस्थालाई अनावश्यक प्रशासनिक दबाब नदिई स्पष्ट कानुनी मापदण्डका आधारमा नियमन गर्ने वातावरण बनाउनुपर्छ।

राजस्वको विषय पनि उत्तिकै महत्वपूर्ण छ। रेडियो तथा टेलिभिजनसम्बन्धी सेवाबाट उठ्ने शुल्क तथा राजस्व प्रदेशमै संकलन हुने भएपछि प्रदेश सरकारको आन्तरिक आय बढ्न सक्छ। तर राजस्व बढ्नु आफैंमा उपलब्धि होइन। त्यसबाट प्राप्त स्रोत सञ्चार क्षेत्रको पूर्वाधार, प्रविधि, जनशक्ति विकास र सार्वजनिक सेवाको सुधारमा पनि लगानी हुनुपर्छ। प्रदेशले आफ्नै अधिकारबाट प्राप्त आम्दानीलाई जनहितमा उपयोग गर्ने संस्कार विकास गर्न सके संघीयताको आर्थिक पक्षसमेत बलियो हुनेछ।

यस घटनाले एउटा अर्को महत्वपूर्ण पाठ पनि दिएको छ—संघीयता कार्यान्वयनमा राजनीतिक इच्छाशक्तिसँगै प्रशासनिक सक्रियता उत्तिकै आवश्यक हुन्छ। वर्षौंदेखि समाधान हुन नसकेको विषयमा सम्बन्धित निकायले पहल गर्दा प्रक्रिया अघि बढ्न सक्छ भने अन्य क्षेत्रमा पनि यस्तै समन्वय र सक्रियता आवश्यक छ। प्रदेशका अधिकार कागजमा मात्र सीमित नराखी व्यवहारमा उतार्ने जिम्मेवारी संघ र प्रदेश दुवै सरकारको हो।

मधेसमा सञ्चार क्षेत्रले जनचेतना, सूचना प्रवाह र सामाजिक उत्तरदायित्वमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। त्यसैले सञ्चार संस्थालाई सहज सेवा उपलब्ध गराउनु प्रदेश सरकारको प्रशासनिक दायित्व मात्र होइन, लोकतान्त्रिक सूचना प्रणालीलाई बलियो बनाउने आधार पनि हो। अब फाइल काठमाडौंमा रहने कि जनकपुरमा भन्ने प्रश्नको अन्त्य भएको छ। आगामी परीक्षा भनेको फाइलसँगै अधिकार, अधिकारसँगै सेवा र सेवासँगै जवाफदेहिता प्रदेशमै स्थापित हुन्छ कि हुँदैन भन्ने हो। यसलाई सफल बनाउनु नै वास्तविक संघीयताको परीक्षा हुनेछ।

रूपान्तरणले बढायो मधेशका महिलामा नेतृत्वको आत्मविश्वास

लक्ष्मी चौधरी



जनकपुरधाम, ९ असोज। घरपरिवारका महत्वपूर्ण विषयमा आफ्ना कुरा राख्न हिच्किचाउने जनकपुरधाम उपमहानगरपालिका–१ की सतिया देवी सदाको दैनिकी अहिले फेरिएको छ। आफूले पाएका अधिकार र जिम्मेवारीबारे जानकारी पाएपछि उहाँ परिवारदेखि समुदायसम्मका निर्णय प्रक्रियामा खुलेर सहभागी हुन थाल्नुभएको छ।

महिलाको नेतृत्व विकास, राजनीतिक सहभागिता र सामाजिक रूपान्तरणमा केन्द्रित 'रूपान्तरण' कार्यक्रममा सहभागी भएपछि आफूमा आएको परिवर्तनले नेतृत्व तहमा पुग्ने आत्मविश्वास बढेको उहाँको अनुभव छ। आगामी स्थानीय निर्वाचनमा वडा अध्यक्ष पदमा उम्मेदवारी दिने हौसला समेत कार्यक्रमबाट प्राप्त भएको उहाँ बताउनुहुन्छ।

"पहिले घरपरिवारको विषयमा पनि आफ्नो विचार राख्न अप्ठ्यारो लाग्थ्यो। अहिले आफ्ना अधिकार र जिम्मेवारीबारे बुझ्ने भएकी छु र आवश्यक विषयमा खुलेर बोल्न सक्ने भएकी छु," सदाले भन्नुभयो। सदाको जस्तै अनुभव पर्साको वीरगन्ज महानगरपालिकाकी युवा महिला सानुमाया चौधरीको पनि छ। तालिम, छलफल र समूहगत गतिविधिमा सहभागी भएपछि समुदायका महिलाका समस्या पहिचान गरी समाधानका लागि पहल गर्न सक्ने आत्मविश्वास बढेको उहाँ बताउनुहुन्छ।

"कार्यक्रममा सहभागी भएपछि हामी महिलाले पनि नेतृत्व गर्न सक्छौं भन्ने विश्वास जागेको छ। त्यसकारण आगामी निर्वाचनमा वडा अध्यक्षमा उम्मेदवारी दिने सोच राखेकी छु," चौधरीले भन्नुभयो। बाराकी प्रमिला जैसवालका लागि भने रूपान्तरण कार्यक्रम सोच परिवर्तनको माध्यम बनेको छ। महिलाको भूमिका घरभित्रको काममा मात्र सीमित हुन्छ भन्ने आफ्नो पुरानो सोचमा परिवर्तन आएको उहाँ बताउनुहुन्छ। अधिकार, नेतृत्व र क्षमता विकाससम्बन्धी प्रशिक्षणले परिवार र समाजमा महिलाको योगदानको महत्व बुझ्न सहयोग गरेको उहाँको भनाइ छ।

"पहिले महिलाको काम घरभित्र मात्रै हो जस्तो लाग्थ्यो। अहिले आफ्नो क्षमता विकास गरेर परिवार र समाजमा योगदान गर्नुपर्छ भन्ने सोच आएको छ," जैसवालले भन्नुभयो। सोचमा आएको परिवर्तनसँगै जैसवाल आगामी निर्वाचनमा उपप्रमुख पदमा उम्मेदवारी दिने तयारीमा हुनुहुन्छ। उहाँका लागि निर्वाचनमा उम्मेदवार बन्ने तयारी व्यक्तिगत आकांक्षा मात्र नभई स्थानीय तहमा महिलाको नेतृत्व स्थापित गर्ने अवसर पनि बनेको छ।

नेतृत्वसँगै राजनीतिक सहभागिताको अभ्यास

मधेश प्रदेशका महिलाको अर्थपूर्ण राजनीतिक सहभागिता र रूपान्तरणकारी नेतृत्व विकासमा जोड दिँदै सञ्चालन गरिएको कार्यक्रममा धनुषा, सप्तरी, सिरहा, रौतहट, बारा र पर्साका छ जिल्लाका १५ पालिकाबाट ३८ जना समुदायका अगुवा महिला तथा निर्वाचित महिला जनप्रतिनिधिको सहभागिता रहेको थियो। पाँच दिने कार्यक्रममा नेतृत्व विकाससँगै निर्वाचन प्रक्रिया बुझ्ने, प्रभावकारी राजनीतिक सञ्चार गर्ने र निर्वाचन अभियान सञ्चालनका लागि आवश्यक रणनीति निर्माण गर्ने विषयमा अभ्यास गराइएको थियो।

कार्यक्रममा रूपान्तरणकारी तथा महिलावादी नेतृत्व, महिला राजनीतिक सहभागिता, निर्वाचन प्रणाली तथा कानुन, निर्वाचन अभियान तथा रणनीति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक उत्तरदायी बजेट, स्थानीय शासन, सार्वजनिक जवाफदेहिता, राजनीतिक सञ्चार, सामाजिक सञ्जाल तथा आगामी निर्वाचनको तयारीलगायत विषयमा प्रशिक्षण दिइएको थियो।

तालिमका क्रममा सहभागीलाई सैद्धान्तिक जानकारी मात्र नभई नेतृत्व विकास, निर्वाचन प्रक्रिया, राजनीतिक सञ्चार तथा अभियान सञ्चालनसम्बन्धी व्यावहारिक अभ्याससमेत गराइएको थियो। कार्यक्रममा सहभागी महिला अगुवा तथा जनप्रतिनिधिले स्थानीय तहमा महिलाको नेतृत्व विकास, राजनीतिक सहभागिता र सार्वजनिक जवाफदेहिता अभिवृद्धिका लागि प्राप्त ज्ञान तथा सीपलाई व्यवहारमा लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

तालिमपछि सक्रिय हुँदै महिला

कार्यक्रममा सहभागी महिलाका अनुसार रूपान्तरण कार्यक्रमले अधिकार, नेतृत्व, आत्मनिर्भरता र सामाजिक सहभागिताका विषयमा जानकारी मात्र दिएको छैन, आफूले गर्न सक्ने कामप्रति विश्वास पनि बढाएको छ। कार्यक्रमपछि विभिन्न जिल्लामा महिला समूह तथा सञ्जालमार्फत स्थानीय समस्या पहिचान गर्ने, महिलाका सवालमा आवाज उठाउने र समुदायमा सक्रिय हुने क्रम बढेको आयोजकको भनाइ छ। युवा महिलाको सहभागितासमेत पछिल्लो समय बढ्दै गएको आयोजकले जनाएको छ।

आयोजक संस्था महिला पुनर्स्थापना केन्द्र ९ओरेक० मधेश प्रदेशकी संयोजक विणा सिंहका अनुसार महिलाको राजनीतिक सहभागिता प्रतिनिधित्वमा मात्र सीमित नभई नीति निर्माण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताका रूपमा स्थापित गर्न आवश्यक छ। "महिलाको राजनीतिक सहभागिता केवल प्रतिनिधित्वमा सीमित नभई नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताका रूपमा स्थापित गर्न आवश्यक रहेकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएका छौं," सिंहले भन्नुभयो।

उहाँका अनुसार कार्यक्रम सम्पन्न भएको छोटो समयमै सहभागी महिलाले आ–आफ्नो जिल्लामा सक्रिय भएर काम सुरु गरेका छन्। महिलाको जागरणका लागि सञ्जाल निर्माण गर्ने तथा समुदायमा विभिन्न गतिविधि सञ्चालन गर्ने कामसमेत सुरु भएको उहाँले बताउनुभयो। "कार्यक्रम भएको सात दिनमै आ–आफ्नो जिल्लामा महिलाहरू सक्रिय भएर काम गरिरहेका छन्। महिला जागरणका लागि सञ्जाल बनाएर काम गरिरहेका छन्। युवा महिलाको पनि सक्रिय सहभागिता देखिएको छ। अब युवा महिला पनि राजनीतिमा आउन उत्सुक देखिएका छन्," सिंहले भन्नुभयो।

निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको अपेक्षा

मधेश प्रदेशमा महिलाको राजनीतिक सहभागिता बढे पनि नेतृत्व र निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण उपस्थिति अझ बलियो बनाउनुपर्ने आवश्यकता रहेको कार्यक्रमका सहभागीहरूको अनुभव छ। रूपान्तरण कार्यक्रमले महिलालाई आफ्नो अधिकार र जिम्मेवारीबारे सचेत गराउनुका साथै नेतृत्व गर्न आवश्यक ज्ञान, सीप र आत्मविश्वास विकास गर्न सहयोग गरेको सहभागी महिलाहरूको भनाइ छ। उनीहरूका अनुसार यस्ता कार्यक्रमलाई निरन्तरता दिन सके महिलाको राजनीतिक सहभागिता र निर्णय प्रक्रियामा पहुँच थप विस्तार गर्न सहयोग पुग्नेछ।

सतिया देवी सदादेखि सानुमाया चौधरी र प्रमिला जैसवालसम्मका महिलाको अनुभवले पनि प्रशिक्षणपछि आएको आत्मविश्वासलाई व्यवहारमा रूपान्तरण गर्ने प्रयास सुरु भएको देखाउँछ। उहाँहरू आगामी निर्वाचनमा उम्मेदवारीको तयारी गरिरहँदा समुदायमा महिलाको नेतृत्व र राजनीतिक सहभागिताका विषयमा पनि छलफल बढ्न थालेको छ। महिलाको अर्थपूर्ण राजनीतिक सहभागिता र रूपान्तरणकारी नेतृत्व निर्माणका लागि निरन्तर अभियान सञ्चालन गर्दै आएको ओरेक मधेशले आगामी दिनमा पनि नेतृत्व विकास तथा निर्वाचन तयारीसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

ओरेक मधेशको आयोजना तथा युएन वुमनको सहकार्यमा सञ्चालन गरिएको कार्यक्रमको उद्देश्य महिलालाई नेतृत्व र निर्णय प्रक्रियामा थप प्रभावकारी रूपमा सहभागी गराउनु रहेको आयोजकले जनाएको छ। उक्त पाँच दिने आवासीय कार्यक्रम भदौ २३ देखि २७ गतेसम्म जनकपुरधाममा भएको थियो।

सामुदायिक विद्यालयलाई ...

बताउनुभयो। पुरानो समयमा काठको पाटीमा माटोको मसी बनाएर बाँसको कलमले रुखमुनि पढ्नुपरेको स्मरण गर्दै उहाँले सामुदायिक विद्यालयलाई डिजिटल युगअनुकूल बनाउन स्थानीय सरकारले थालेको प्रयास सकारात्मक रहेको धारणा राख्नुभयो।

नागरिक अगुवा तथा शिक्षाविद् कन्हैया भट्टले नयाँ पाठ्यक्रम निर्माण तथा सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि प्रविधिमैत्री पूर्वाधार आवश्यक रहेको बताउनुभयो। शिक्षा मन्त्री सस्मित पोखरेलले लहानमा जस्तापातामुक्त भवन र प्रविधियुक्त विद्यालय निर्माणका विषयमा गरेको सम्बोधनले सामुदायिक विद्यालय सुधारका लागि सकारात्मक वातावरण बनेको उहाँको भनाइ छ।

स्मार्ट बोर्डको प्रयोगपछि विद्यार्थीमा विद्यालय र पढाइप्रति आकर्षण बढ्नुका साथै सिकाइ उपलब्धिमा समेत सुधार देखिएको प्रधानाध्यापक देवनलाल ठाकुरले बताउनुभयो। उहाँका अनुसार प्रविधिको प्रयोगले कक्षाकोठामा पढाइलाई थप अन्तरक्रियात्मक र प्रभावकारी बनाउन सहयोग पुगेको छ।

जिल्ला समन्वय समिति सिरहाका प्रमुख तथा जिल्ला शिक्षा समितिका संयोजक दिनेश महतोका अनुसार लहान, मिर्चैया नगरपालिका र नवराजपुर गाउँपालिकामा अन्य स्थानीय तहको तुलनामा डिजिटल स्मार्ट बोर्डको प्रयोग बढी भइरहेको छ। बाँकी स्थानीय तहमा पनि विद्यालयमा स्मार्ट बोर्ड विस्तार गर्ने विषयमा छलफल र आवश्यक पहल भइरहेको उहाँले बताउनुभयो।

सामुदायिक विद्यालयमा प्रविधिको पहुँच विस्तारसँगै भवन, कक्षाकोठा र अन्य शैक्षिक पूर्वाधार सुधारलाई समेत सँगसँगै अघि बढाउने प्रयास भइरहेको सम्बन्धित निकायले जनाएको छ।

अभिभावकविहीन ...

भएको र उनका बालबालिकाको बिचल्ली भएको खबर पाएपछि मधेशी एकता समाज, नेपालले दुवै बालबालिकाको पालनपोषण, शिक्षा र आवासको जिम्मेवारी लिने भएको छ।

मधेशी एकता समाज, नेपालकी अध्यक्ष डा. बबी सिंहले शुक्रबार सदाको घरमै पुगेर बालबालिकाको खाने, बस्ने र पढाइको जिम्मेवारी लिने घोषणा गरेकी हुन्। सरकारी तहबाट तत्काल ठोस पहल हुन नसकेको महसुस भएपछि मानवीयताको नाताले आफूले अभिभावकविहीन बालबालिकाको जिम्मेवारी लिने निर्णय गरेको सिंहले बताइन्।

'अभिभावकविहीन बनेका यी कलिला बालबालिकाको उज्ज्वल भविष्यका लागि यो जिम्मेवारी उठाएकी हुँ,' उनले भनिन्। सिंहका अनुसार दाजु-बहिनीलाई बोदेबरसाइन नगरपालिका-५, बोदेबरसाइन बजारस्थित आफ्नै घरमा राखिनेछ। उनीहरूलाई त्यहींको चन्द्रा नमुना माध्यमिक विद्यालयमा भर्ना गरी अध्ययनको व्यवस्था मिलाइनेछ। बालबालिकालाई शुक्रबार नै आफ्नो घर लैजाने तयारी भए पनि आमाको बरखी (किरिया) आइतबार परेकाले उनीहरू सोमबार मात्रै जाने भएका छन्।

हावाहुरीसहितको ...

भने, 'अब त लगानी पनि नउठ्ने भयो। खेतीबाटै घरपरिवार चलाउँदै आएको थिएँ, अब परिवार चलाउनै मुस्किल हुने अवस्था आयो।'

यादव विष्णुपुर गाउँपालिका-१ का पूर्ववडा अध्यक्षसमेत हुन्। निर्वाचनमा पराजित भएपछि उनी अहिले पुनः कृषि कर्ममा फर्किएका छन्।

मधेस र कोशी प्रदेशबिच आर्थिक सहकार्यको समझदारी, अर्थमन्त्रीले गरे हस्ताक्षर

जनकपुरधाम, १० असोज। मधेस प्रदेश र कोशी प्रदेश सरकारबिच सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, राजस्व वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता तथा आर्थिक विकासका क्षेत्रमा सहकार्य गर्ने समझदारी भएको छ।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराई र कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुर कुमार लिङ्थेपले शुक्रबार समझदारी पत्रमा हस्ताक्षर गरेका छन्। समझदारीअनुसार दुवै प्रदेशले आगामी दिनमा बजेट निर्माण, राजस्व प्रशासन, वित्तीय संघीयता, बेरुजु फछ्यौंट तथा सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा अनुभव र उत्कृष्ट अभ्यास आदानप्रदान गर्नेछन्।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अङ्गीकार गर्दै यो समझदारी भएको बताए। उनले भने,'एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितका विषयमा सूचना आदानप्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य तथा विधायनका बारेमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्ने संवैधानिक व्यवस्थालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न यो समझदारी गरेका हौं।'



बजेट परामर्शदेखि संयुक्त कार्यक्रम

दुवै प्रदेशले प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुभन्दा कम्तीमा तीन महिना अघि साझा प्राथमिकता, राजस्व तथा आर्थिक नीतिका विषयमा पूर्व-बजेट परामर्श र संयुक्त कार्यशाला आयोजना गर्ने सहमति भएको छ। त्यस्तै, वार्षिक सहकार्य कार्ययोजना निर्माण तथा प्रगति समीक्षा गर्न संयुक्त अन्तरप्रदेशीय समन्वय समिति गठन गरिनेछ। मन्त्रीस्तरीय उच्चस्तरीय सम्मेलन पनि पालैपालो आयोजना गरिने समझदारीमा उल्लेख छ।

बेरुजु फछ्यौंट र सार्वजनिक खर्च सुधारमा सहकार्य

समझदारीमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, परिणाममा आधारित बजेट प्रणाली, आन्तरिक नियन्त्रण तथा बेरुजु फछ्यौंटलाई प्राथमिकतामा राखिएको छ। एक प्रदेशले सार्वजनिक वित्त व्यवस्थापनमा अपनाएका असल अभ्यास अर्को प्रदेशमा प्रयोग गर्ने तथा अनावश्यक प्रशासनिक खर्च घटाउने विषयमा समेत सहकार्य गरिने सहमति पत्रमा उल्लेख छ।

राजस्व वृद्धि र डिजिटल प्रणालीमा सहकार्य

दुवै प्रदेशले राजस्व सम्भाव्यता अध्ययन, राजस्व सुधार कार्ययोजना तथा स्थानीय तहको राजस्व प्रशासन सुदृढीकरणमा संयुक्त रूपमा काम गर्नेछन्। वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा प्रदेश र स्थानीय तहबीचको वित्तीय सम्बन्धबारे संयुक्त अध्ययन गरिने र PLMBIs, SuTRa, CGAs लगायतका डिजिटल सार्वजनिक वित्तीय प्रणालीको प्रयोग र कर्मचारीलाई तालिम दिने विषयमा पनि सहकार्य हुनेछ। धार्मिक तथा अन्य पर्यटकीय संयुक्त संरचना विकास गरी त्यसबाट प्राप्त हुने राजस्व बाँडफाँटका लागि आवश्यक ढाँचा तयार गर्ने समझदारीसमेत भएको छ।

रोजगारी र उद्यमशीलतालाई प्राथमिकता

समझदारीले युवा रोजगारी, नवप्रवर्तन, उद्यमशीलता, साना तथा मझौला उद्योग र निजी क्षेत्रको लगानी प्रवर्द्धनलाई पनि सहकार्यको प्रमुख क्षेत्रका रूपमा समेटेको छ। दुवै प्रदेशले कर्मचारीको क्षमता विकासका लागि संयुक्त तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछन्। बाढी, पहिरो र डुबानजस्ता विपद्का क्षेत्रमा पनि अनुभव आदानप्रदान तथा आपतकालीन समन्वय गर्ने पनि सहमति भएको छ।

दुवै प्रदेशका मन्त्रीको नेतृत्वमा संयन्त्र

समझदारी कार्यान्वयनका लागि अर्थमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीको नेतृत्वमा उच्चस्तरीय मार्गदर्शक समिति गठन गर्ने र समितिको अध्यक्षता दुवै प्रदेशले पालैपालो गर्ने उल्लेख गरिएको छ। त्यस्तै, दुवै मन्त्रालयका सचिवको नेतृत्वमा प्राविधिक तथा कार्यान्वयन समिति रहने र उक्त समितिमा बजेट वा राजस्व हेर्ने उपसचिवस्तरका एक-एक जना अधिकारीलाई सम्पर्क व्यक्ति तोकिने पनि सहमति भएको छ।

संयुक्त कार्यक्रमको खर्च ५०-५० प्रतिशत व्यहोर्ने

संयुक्त रूपमा सञ्चालन हुने कार्यशाला, तालिम, प्रविधि विकास तथा अध्ययन-अनुसन्धानका कार्यक्रमको खर्च दुवै प्रदेशले ५०-५० प्रतिशत व्यहोर्ने समझदारी भएको छ। उच्चस्तरीय तथा प्राविधिक बैठक आयोजना गर्ने प्रदेशले व्यवस्थापन खर्च व्यहोर्ने र सहभागी टोलीको भ्रमण भत्ता सम्बन्धित मन्त्रालयले व्यहोर्नु पर्ने समझदारी पत्रमा उल्लेख छ।

त्यस्तै दुवै प्रदेश बिच भएको समझदारी अन्तर्गत २०८२ कात्तिक १५ गते हेटौंडामा प्रदेशका अर्थ तथा आर्थिक मामिला मन्त्रीहरूले जारी गरेको 'वित्तीय संघीयता सुदृढीकरणका लागि प्रदेशका आर्थिक मामिला मन्त्रीहरूको साझा प्रतिबद्धता' लाई समेत मार्गदर्शनका रूपमा आत्मसात् गर्ने उल्लेख छ भने यो समझदारी हस्ताक्षर भएको मितिदेखि ५ वर्षसम्म लागू हुने उल्लेख गरिएको छ।

लालबकैया नदीमा हामफालेका युवकको शव फेला



रौतहट, १० असोज। रौतहटको लालबकैया नदीमा हाम फालेर बेपत्ता भएका बाराका एक युवकको २७ घण्टापछि शव फेला परेको छ। बाराको सिम्रौनगढ नगरपालिका-११ कटहरिया टोलका २७ वर्षीय सचिन्द्र यादवको शव शनिबार अपराह्न करिब ४ बजे घटनास्थलबाट करिब १०-१२ किलोमिटर टाढा फतुवा क्षेत्रस्थित लालबकैया नदी किनारमा फेला परेको प्रहरीले जनाएको छ। शुक्रबार दिउँसो करिब १ बजे मौलापुर नगरपालिका-४ स्थित लालबकैया नदीको पुलबाट यादव नदीमा हाम फालेर बेपत्ता भएका थिए।

यादव आफ्ना दाइ ३५ वर्षीय सिकिन्द्र यादवले चलाएको मोटरसाइकलमा पछाडि बसेर उपचारका लागि कचोर्वाबाट गरुडा जाँदै थिए। पुलमा पुगेपछि मोटरसाइकल रोकेर ओर्लिएका यादव अचानक नदीमा हाम फालेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमले बताएका थिए। प्रहरीका अनुसार यादव मानसिक रूपमा अस्वस्थ रहेको बताइएको थियो। घटनालगत्तै इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक भरत केसीको कमान्डमा प्रहरी टोली तथा सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प देवाही गोनाहीबाट प्रहरी निरीक्षक दिलबहादुर नेपालीको

-बाँकी अन्तिम पेजमा

वर्षाका कारण दुई जनाको मृत्यु, २९ वटा सडक अवरुद्ध



काठमाडौँ, १० असोज। वर्षाका कारण आएको बाढीपहिरो र हावाहुरीका कारण देशभरमा दुई जनाको मृत्यु भएको छ। एकजना बेपत्ता भएका छन्। एक जना घाइते र पाँचवटा घरमा क्षति पुगेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले दिएको जानकारीअनुसार शुक्रबार आएको वर्षाका कारण देशका विभिन्न भागमा सो क्षति भएको हो। मृत्यु हुनेमा धादिङका एक जना र डोल्पाका एक जना रहनुभएको प्राधिकरणका प्रवक्ता शान्ति महतले बताउनुभयो।

प्रवक्ता महतका अनुसार डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं७ का ३३ वर्षीय मनरुप केसीलाई गाईगोठमा सुतिरहेको अवस्थामा भिरबाट ढुंगा खसेर लागेको थियो। उहाँ गम्भीर घाइते भएपछि स्थानीय स्वास्थ्य चौकी लैंजादै गर्दा मृत्यु भएको थियो। सोही घरमा सुतिरहनुभएका ३८ वर्षीय चन्द्ररुप केसी घाइते हुनुभएको छ।

धादिङको बेनीघाट रोराङ गाउँपालिका, वडा नं २ का ५५ वर्षीया सुकुमाया चेपाङ्गलाई खानीखोला तर्ने क्रममा खोलाले बगाएको थियो। मलेखुस्थित अस्पतालमा उपचारका क्रममा चेपाङ्गको मृत्यु भएको थियो। पहिरोमा परी पाल्पा रुम्दीकोट गाउँपालिका वडा नं ६ का ५९ वर्षीया कृष्णकुमारी सारु शनिबार दिउँसो २:४५ बजेदेखि बेपत्ता हुनुभएको छ। पहिरोले घर पुरिएपछि सारु हालसम्म सम्पर्कविहीन रहनुभएको प्राधिकरणले जनाएको छ।

वर्षाका कारण पाल्पाको रुम्दीकोट गाउँपालिकाका दुईवटा घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन्। पहिरोका कारण पुरिँदा स्थानीय केशुराम सारु मगर र रामबहादुर उचाईको घर क्षतिग्रस्त भएका हुन्। त्यस्तै पाँचथरको हिलिहाङ गाउँपालिका ३ का धनप्रसाद योङ्गहाङ्गको घर ढली पूर्णरुपमा क्षति भएको थियो। ओखलढुंगाको सिद्धिचरण गाउँपालिका, वडा नं २ का भीमबहादुर कार्कीको घरको गारो भत्किएको छ। त्यसैगरी अछामको तुर्माखाँद गाउँपालिका ४ मा हावाहुरीका कारण कच्ची घरको जस्तापाता उडाएपछि उहाँहरुको परिवार छिमेकीको घरमा बसिरहनुभएको छ।

२९ सडक अवरुद्ध

निरन्तरको वर्षाका कारण आएको बाढी, पहिरो र लेदोसहितको बहावले देशका विभिन्न प्रदेश जोड्ने प्रमुख राजमार्ग तथा सहायक सडकखण्ड अवरुद्ध भएका छन्। प्राधिकरणले उपलब्ध गराएको विवरण अनुसार शनिबार बिहान ७ बजेसम्म कुल २९ वटा मुख्य सडकखण्ड प्रभावित भएका छन्। प्राधिकरणका अनुसार कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका अधिकांश मुख्य राजमार्गमा सवारी आवागमन ठप्प भएको छ।

कोशी प्रदेशको सुनसरी, पाँचथर, इलाम र सोलुखुम्बु क्षेत्रका चतरा-बराहक्षेत्र, मध्यपहाडी लोकमार्ग, राँके-रवि-भेडेटार, मेची करिडोर तथा सिद्धिचरण लोकमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध छन्। बागमती प्रदेशका काठमाडौँ

‘हुँकार मधेस’ घोषणा : संयोजक बन्न स्नातकोत्तरदेखि १० वर्षे राजनीतिक अनुभवसम्मको मापदण्ड

काठमाडौँ, १० असोज । विभिन्न राजनीतिक दल परित्याग गरेका युवाहरूको भेलाले ‘हुँकार मधेस’ नामक नयाँ राजनीतिक संगठन घोषणा गरेको छ। मधेसको समग्र अधिकार, सुशासन र वैकल्पिक राजनीतिको एजेन्डासहित अघि बढ्ने घोषणा गरिएको संगठनले ११८ सदस्यीय केन्द्रीय अभियन्ताको नामावलीसमेत सार्वजनिक गरेको छ ।

संगठनले तत्कालका लागि कसैलाई पनि संयोजकको जिम्मेवारी दिएको छैन । तर, सार्वजनिक अवधारणा पत्रमा संयोजक वा अध्यक्ष बन्न चाहने व्यक्तिका लागि विभिन्न मापदण्ड तोकिएको छ । अवधारणा पत्रअनुसार संयोजक बन्न कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र केन्द्रीय तहको राजनीतिमा कम्तीमा १० वर्षको अनुभव भएको हुनुपर्नेछ। विगतमा लाभको पदमा बसेको भए भ्रष्टाचारमा नमुछिएको तथा उच्च नैतिक आचरण भएको व्यक्ति हुनुपर्ने उल्लेख छ।

त्यस्तै, धूम्रपान, मद्यपान, गाँजा, गुट्खा, चुरोटलगायत कुनै पनि प्रकारका लागुपदार्थ सेवन नगर्ने र प्रमुख पदाधिकारीको जिम्मेवारीमा रहँदासम्म अन्य कुनै लाभको पदमा नजाने प्रतिबद्धता जनाएको हुनुपर्ने मापदण्ड राखिएको छ । संयोजकका लागि ३५ देखि ४९ वर्ष उमेर समूहका, अहंकारमुक्त, आशावादी तथा राजनीतिक, सामाजिक र आर्थिक विषयमा स्पष्ट दृष्टिकोण भएका व्यक्ति योग्य हुने अवधारणा पत्रमा उल्लेख छ। सामूहिक नेतृत्व प्रणालीलाई स्वीकार गर्ने व्यक्तिलाई प्राथमिकता दिइने जनाइएको छ।

सदस्यका लागि पनि मापदण्ड

‘हुँकार मधेस’मा जोडिने आम सदस्यका लागि समेत निश्चित मापदण्ड तोकिएको छ। अनुशासित, शिक्षित, उच्च नैतिक आचरण भएका, श्रमप्रति सम्मान गर्ने तथा आर्थिक रूपमा सक्षम व्यक्तिलाई अभियानमा सहभागी गराउने अवधारणा पत्रमा उल्लेख छ । सम्भव भएसम्म कुनै व्यवसायमा संलग्न व्यक्तिलाई सदस्यतामा प्राथमिकता दिने नीति लिइएको छ। कुनै पनि तहको संयोजक बन्न ४९ वर्ष ननाघेको र सदस्य वा पदाधिकारी बन्न ६५ वर्षसम्मको उमेर हद तोकिएको छ। ६५ वर्षभन्दा माथिका अनुभवी व्यक्तिलाई भने मार्गदर्शक मण्डल तथा सल्लाहकार समितिमा राख्ने व्यवस्था गरिएको छ।

मधेसी राजनीतिका कमजोरीमाथि प्रश्न

‘हुँकार मधेस’ले सार्वजनिक गरेको अवधारणा पत्रमा मधेसी राजनीति र विगतका नेतृत्वको कार्यशैलीको समेत समीक्षा गरिएको छ। अवधारणा पत्रमा विगतका मधेसवादी दल र नेतृत्वका कमजोरीबारे १२ बुँदामा उल्लेख गरिएको छ। मधेसवादी दलहरूमा देखिएको केन्द्रीकृत सोच, तानाशाही कार्यशैली, आन्तरिक लोकतन्त्रको अभाव र गुटबन्दीका कारण पटक-पटक विभाजन भएको निष्कर्ष अवधारणा पत्रमा निकालिएको छ।

जनआन्दोलनबाट प्राप्त जनसमर्थनलाई दीर्घकालीन सङ्गठन, वैकल्पिक नीति र संस्थागत संरचनामा रूपान्तरण गर्न नसकेको, सत्ता प्राप्तिका लागि अप्राकृतिक सम्झौता गरेको तथा सिद्धान्तभन्दा व्यक्ति र नातावादलाई प्राथमिकता दिएको आरोप पनि लगाइएको छ। त्यस्तै, लेखपढ र ज्ञानसत्तामा पकड बनाउन नसक्नु, शिक्षा, स्वास्थ्य, कृषि र रोजगारीका क्षेत्रमा स्पष्ट मोडल प्रस्तुत गर्न नसक्नु तथा सत्तामा पुगेपछि भ्रष्टाचार र कमिसनतन्त्रमा लिप्त हुनु मधेसी नेतृत्वका प्रमुख असफलता भएको अवधारणा पत्रमा उल्लेख छ।

मधेस प्रदेशमा लगातार सात वर्ष सरकार सञ्चालन गर्दा पनि सुशासन कायम गर्न नसकेको र विकास बजेटमा कमिसनको संस्कृति विकास भएको आरोप लगाउँदै यसले समग्र संघीयतामाथि नै प्रश्न उठाएको ‘हुँकार मधेस’को निष्कर्ष छ। अवधारणा पत्रमा नारायणी पश्चिमका भूभागलाई आन्दोलनका बेला प्रयोग गर्ने तर अवसर र नेतृत्व दिने क्रममा विभेद गर्ने ‘पूर्वीया मानसिकता’ले मधेसको मनोविज्ञान खण्डित बनाएको दाबीसमेत गरिएको छ।

यस्ता विकृति अन्त्य गर्दै नयाँ वैचारिक र व्यावहारिक राजनीतिको सुरुवात गर्ने उद्देश्यले ‘हुँकार मधेस’ अघि बढेको संगठनले जनाएको छ ।

‘टिकट लिने बेला गगनलाई नेता भन्नेहरूले अहिले गाली गर्ने?’



धनुषा, १० असोज । नेपाली कांग्रेसका नेता एवं मधेस प्रदेशसभा सदस्य रामसरोज यादवले पार्टी सभापति गगनकुमार थापामाथि गरिएको तल्लो स्तरको टिप्पणीप्रति कडा आपत्ति जनाएका छन् । जनकपुरधाम उपमहानगर अधिवेशनलाई सम्बोधन गर्दै उनले सभापति थापालाई ‘ग्याङ्स्टर’ भनी आरोप लगाउनेहरूलाई ‘विनाशकाले विपरीत बुद्धि’ भन्दै कटाक्ष गरेका हुन् ।

नेता यादवले नाम नलिई कांग्रेसका एक पूर्वउपसभापतिप्रति लक्षित गर्दै पार्टीका जिम्मेवार तहमा रहेका नेताहरूको पछिल्लो अभिव्यक्ति ‘बौखलाहट’ र ‘नैतिकताविहीन’ भएको आरोप लगाए। डिजिटल युगमा कसैको पनि विगत र वर्तमानका अभिव्यक्ति लुक्न नसक्ने भन्दै उनले चेतावनीको भाषा प्रयोग गरे ।

यादवले भने, ‘विनाश आउने बेलामा बुद्धि बिग्रिन्छ, हाम्रा यहाँका नेता त्यही नियतिको सिकार भएका छन् । जसले महामन्त्री थापालाई ग्याङ्स्टर भन्छन्, उनीहरूको शब्द चयन नै दुर्भाग्यपूर्ण छ। टिकट लिने बेलामा गगन थापालाई मेरो नेता र भावी प्रधानमन्त्री भन्दै हिँड्नेहरू, आज त्यही व्यक्तिलाई गाली गरेर आफ्नो इमानदारिता प्रदर्शन गर्दै छन?’

कांग्रेस एक लोकतान्त्रिक पार्टी भएकाले राजनीतिमा नैतिकता र इमानदारिता सर्वोपरि हुनुपर्ने उनको भनाइ छ। पुरानो ‘ब्याज’ खाएर राजनीति गरिरहेका पुराना पुस्ताका नेताहरूले अब युवा पुस्ताका लागि ठाउँ खाली गरिदिनुपर्नेमा उनले जोड दिए। देशको हरेक राजनीतिक परिवर्तनमा युवाहरूको भूमिका अग्रणी रहेकाले अबको राजनीतिले पनि युवा नेतृत्वलाई नै अवसर दिनुपर्ने यादवले बताए। सार्वजनिक मञ्चबाट प्रयोग गरिने अमर्यादित शब्दहरूले कार्यकर्तामा गलत सन्देश जाने भन्दै उनले नेताहरूलाई संयमित हुन आग्रह गरे ।

लालबकैया नदीमा ...

कमान्डमा गोताखोरसहितको टोली खोजीमा परिचालन गरिएको थियो ।

नदीमा पानीको बहाव र गहिराइका कारण खोजीमा कठिनाइ भए पनि संयुक्त सुरक्षा टोलीले निरन्तर खोजी गरिरहेको थियो। खोजीका क्रममा शनिबार अपराह्न यादवको शव फेला परेको हो। शव फेला परेपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि जिल्ला अस्पताल गौर पठाउने तयारी भइरहेको इलाका प्रहरी कार्यालय मौलापुरले जनाएको छ।

जनकपुरवासी भन्छन्, राष्ट्रसंघको महासभामा प्रधानमन्त्रीको भाषणले देशको सान र मान बढायो

जनकपुरधाम, १० असोज । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह शाहले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा गरेको सम्बोधनबाट देशको सान र मान दुवै बढाएको भन्दै मधेसका जनताले गर्व प्रकट गरेका छन्। अन्तर्राष्ट्रिय फोरम प्रयोग गरेर राष्ट्रको हितमा यस्तो स्पष्ट भनाइ अहिलेसम्म देशको कुनै पनि प्रधानमन्त्रीले राख्न नसकेको भन्दै उनीहरूले प्रधानमन्त्री शाहको सम्बोधनको प्रशंसा गरेका छन्। विश्वलाई नै सन्देश प्रवाह गर्न सफल हुने गरी प्रधानमन्त्रीले सम्बोधन गरेको र सम्बोधनमा नेपाल कस्तो विपदबाट गुज्रिएको छ भन्ने प्रस्ट पारिएको उनीहरू बताउँछन् ।

जनकपुर-८ का रोशन सिंह रानाले प्रधानमन्त्रीको भाषण प्रशंसनीय रहेको बताए। देशले पहिलो पटक मधेसी मूलको प्रधानमन्त्री पाएको र मधेसी मूलको प्रधानमन्त्रीले देशको हितमा विश्वमञ्च प्रयोग गरेर संसारकै ध्यानाकर्षण गराएको उनको भनाइ छ। उनले भने, ‘प्रधानमन्त्रीले दुनियाँको अगाडि नझुकिकन आफ्नो ठोस एजेण्डा प्रस्तुत गर्नुभएको छ। आफूहरूको गल्ती नभए पनि हाम्रो देशले यस्तो मानवीय क्षति र खर्बौं रुपैयाँ बराबरको भौतिक संरचनाको क्षति बेहोरेको भनेर विश्वकै ध्यान आकर्षित गर्नुभएको छ।’

जनकपुर-१२, कुवारामपुरका रोशनकुमार भाले देशको प्रतिनिधित्व गरेर गएका प्रधानमन्त्रीले देशकै मर्म र भावनालाई राष्ट्रसंघको मञ्चमा प्रकट गरेको बताए। उनले भने, ‘प्रधानमन्त्रीले सम्बोधनको क्रममा एउटा सानो देशमा किसानले मल पाउन सक्ने अवस्था छैन, विकास निर्माणका लागि बिटुमिन उपलब्ध हुँदैन, तर कुनै राष्ट्रमा युद्ध सामग्री चाहियो भने तत्काल उपलब्ध हुने गरेको विषयलाई राम्रोसँग उजागर गर्नुभएको छ। उहाँले पक्कै पनि विश्वभरि एक किसिमको सन्देश छर्न सफल हुनुभएको छ।’

जलवायु परिवर्तनको असरका बारेमा प्रधानमन्त्री शाहले त्यो फोरमबाट नेपालले भोग्न बाध्य अहिलेको परिदृश्य सुनाएको चर्चा गर्दै उनले अब अन्य राष्ट्रले यस विषयमा गम्भीर भएर सोच्न बाध्य हुने विश्वास व्यक्त गरे। जनकपुर-६ राजकुमार चौधरीले प्रधानमन्त्री बालेन शाहको सम्बोधनबाट यहाँ रहेका अन्य दलका नेता-कार्यकर्ताहरूको बोली बन्द गराइदिएको टिप्पणी गरे । ‘प्रधानमन्त्रीले संसदमा बोलेनन्, पत्रकारसँग बोलेनन् भन्दै यहाँ आलोचना गर्नेहरूले राष्ट्रसंघमा हाम्रा प्रधानमन्त्रीले बोलेको पनि सुने होलान्,’ उनले भने, ‘जहाँ बोल्नुपर्ने हो, त्यहाँ हाम्रा प्रधानमन्त्रीले बोल्छन् भन्ने पनि देखे होलान् ।’

गत भदौ १० गते भोटेकोशीमा आएको बाढीको परिदृश्यहरू मसिनो गरी केलाएर त्यसबाट सिर्जित पीडा, दुःखकष्ट संसारले बुझ्ने गरी व्यक्त गर्न प्रधानमन्त्री शाह सफल भएको उनको जिकिर थियो। जनकपुर शिवचोकमा भेटिएका अटो चालक सुरेन्द खत्वेले पनि प्रधानमन्त्रीको भाषण सुन्दा आफूलाई गर्व लागेको बताए। ‘म धेरै पढे-लेखेको त छैन,’ उनले भने, ‘हामीले समाचार थाहा पाउने भनेकै मोबाइलमा भिडियो हेरेर, सुनेर हो। बालेनले अरु के-के बोले भन्ने त राम्रोसँग बुझिएन, तर अन्तिममा उनले भगवान पशुपतिनाथले सबैको कल्याण गरुन्, बुद्धले देखाएको बाटोमा विश्व हिँड्न सकोस् भनेर विश्वलाई नेपाल पशुपतिनाथ र बुद्धको देश हो भन्ने सन्देश दिए। यसमा मलाई धेरै खुसी लागेको छ।’ यसले देशको सान र मान दुवै बढाएको उनको भनाइ छ।

मधेशमा तीन महिनामा २७ करोड ८५ लाखको अवैध सामान बरामद

काठमाडौँ, १० असोज । सशस्त्र प्रहरी बल नेपालले पछिल्लो तीन महिनामा मधेश प्रदेशबाट २७ करोड ८५ लाख रुपियाँभन्दा बढी मूल्यको अवैध सामान बरामद गरेको छ। बरामद सामानमा किराना, लत्ताकपडा, सुर्तीजन्य पदार्थ, इलेक्ट्रोनिक्स, हार्डवेयर, मोटरपार्ट्स तथा कस्मेटिकलगायत सामग्री रहेका छन् ।

अवैध सामान ओसारपसारमा प्रयोग भएका १० करोड २२ लाख रुपियाँभन्दा बढी मूल्यका सवारीसाधनसमेत नियन्त्रणमा लिएर भन्सार दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ । सोही अवधिमा ३० लाख रुपियाँभन्दा बढी मूल्यको एक हजार १०० क्युबिक फिट काठ र १०२ ग्राम चाँदी बरामद गरिएको छ। अवैध कारोबारमा संलग्न ८४ जनालाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाइएको छ।

मधेश प्रदेशस्थित सीमा क्षेत्रमा हुने लागूऔषध ओसारपसार नियन्त्रणमा समेत सशस्त्र प्रहरीले



सक्रियता बढाएको छ । तीन महिनाको अवधिमा १९३ ग्राम ब्राउन सुगर, नौ किलो ५०० ग्राम चरेस र एक हजार ६६६ किलोग्रामभन्दा बढी गाँजा बरामद गरिएको छ। यसैगरी तीन थान कटुवा पेस्तोल, दुई थान सिक्सर, दुई थान भरुवा बन्दुक तथा त्यसका राउन्ड र बारुदसमेत बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ । मानव बेचबिखनको आशंकामा २९ महिला र ३० पुरुष गरी ५९ जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानका लागि सम्बन्धित निकायमा बुझाइएको छ।

सशस्त्र प्रहरीले मधेश प्रदेशका विभिन्न नदीजन्य क्षेत्रमा अवैध उत्खननमा प्रयोग भएका २२ ट्र्याक्टर, २६ टिपर र दुई जेसीबीसमेत नियन्त्रणमा लिएको छ। सीमा क्षेत्रमा अवैध गतिविधि नियन्त्रणका लागि सशस्त्र प्रहरीले बाहिनीमा वरिष्ठ अधिकृतको कमान्डमा स्ट्राइकिङ टोली परिचालन गरेको छ। सीमा क्षेत्रमा अनुगमनका लागि गणहरूमा समेत अधिकृत खटाइएको जनाइएको छ।

सशस्त्र प्रहरीले नेपाल-भारत खुला सीमाबाट हुने तस्करी, मानव बेचबिखन तथा सीमा अपराध नियन्त्रणका साथै दशगजा क्षेत्रको सुरक्षा र सीमा अतिक्रमण रोक्न सम्बन्धित निकाय तथा भारतीय सुरक्षा निकायसँग समन्वय गर्दै आएको जनाएको छ।

सीमा चिह्नको डिजिटल अभिलेख तथा भौतिक अवस्थाको अद्यावधिक गर्ने, सीमा स्तम्भको मर्मतसम्भारमा समकक्षी भारतीय सुरक्षा निकायसँग समन्वय गर्ने तथा सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणलाई प्राथमिकतामा राखिएको सशस्त्र प्रहरीले जनाएको छ ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)